## वन तथा भू-संरक्षण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३

वन तथा भू-संरक्षण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन गर्ने सम्बन्धी व्यवस्थालाई प्रभावकारी र पारदर्शी बनाउन नेपाल सरकार मन्त्रिपरिषद्ले देहायको मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "वन तथा भू-संरक्षण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्बद्ध अनुसूची बमोजिमका निकाय सम्झनु पर्दछ ।

(ख) "पदाधिकारी" भन्नाले सार्वजनिक निकायको अध्यक्ष वा कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(ग) "कार्यकारी प्रमुख" भन्नाले सार्वजनिक निकायको कार्यकारी प्रमुख भै काम गर्ने अध्यक्ष, कार्यकारी निर्देशक, सदस्यसचिव वा महाप्रवन्धक सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले सार्वजनिक निकायको सदस्यका रुपमा नियुक्ति वा मनोनयन भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "अख्तियारवाला" भन्नाले पदाधिकारी वा सदस्यको रुपमा नियुक्ति वा मनोनयन गर्ने अख्तियारी पाएको निकाय वा अधिकारी सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्दछ ।

(छ) "सम्बन्धित कानून" भन्नाले पदाधिकारीको नियुक्ति वा मनोनयन सम्बन्धी ऐन, नियम र गठन आदेश सम्झनु पर्दछ ।

३. **पदाधिकारी, कार्यकारी प्रमुख तथा सदस्यको लागि योग्यता**: सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि व्यक्तिलाई देहाय बमोजिम योग्यता

नभई पदाधिकारी, कार्यकारी प्रमुख तथा सदस्य पदमा नियुक्ति वा मनोनयन गरिने छैनः-

(क) <u>**द टिम्वर कर्पोरेसन अफ नेपाल लिमिटेडका महाप्रवन्धक तथा सदस्यको हकमा**</u> : (१) द टिम्वर कर्पोरेसन अफ नेपाल लिमिटेड (यस पछि टिम्वर कर्पोरेसन भनिएको) को महाप्रवन्धकको पदमा नियुक्ति हुनको लागि मान्यता प्राप्त विश्वविद्यालयवाट वन विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण विज्ञान, व्यवस्थापन, अर्थशास्त्र, समाजशास्त्र वा कानून विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरी सम्वन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको हुनु पर्नेछ ।

(२) टिम्वर कर्पोरेसनको वन विज्ञ सदस्य पदमा नियुक्ति हुनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट वन विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन वा वातावरण विज्ञान विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तहको उपाधि हासिल गरी सम्वन्धित क्षेत्रमा पाँच वर्षको अनुभव भएको हुनु पर्नेछ ।

(ख) <u>**जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको अध्यक्ष तथा महाप्रवन्धकको हकमा**</u>: जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको अध्यक्ष तथा महाप्रवन्धकको पदमा नियुक्ति हुनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा वन विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि विज्ञान, समाजशास्त्र, व्यवस्थापन, वनस्पती शास्त्र वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्वन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको हुनु पर्नेछ ।

(ग) <u>**राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य- सचिव र सदस्यको हकमा**</u>: (१) राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ (यस पछि ऐन भनिएको) को दफा ५ बमोजिमको सञ्चालक समितिको सदस्य-

सचिवको पदमा मनोनीत हुनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट वन विज्ञान, विज्ञान वा प्राकृतिक स्रोत व्यवस्थापन विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरी सम्वन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको हुनु पर्नेछ ।

(२) ऐनको दफा ५ को खण्ड (ग), (घ) र (ङ) बमोजिमको सदस्यको पदमा मनोनीत हुनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट वन विज्ञान, विज्ञान वा प्राकृतिक स्रोत व्यवस्थापन विषयमा कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्वन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको हुनु पर्नेछ ।

(घ) <u>जिल्ला वन पैदावार आपुर्ति समितिको सदस्यहरुको हकमा</u> : वन नियमावली, २०५१ को नियम ९ को उपनियम (१)को खण्ड (ङ) वमोजिमको सदस्य पदमा मनोनीत हुनको लागि सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, साझेदारी वन वा वन उपभोक्ता समुहमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

४. **उमेर सम्बन्धी व्यवस्था :** पदाधिकारी, कार्यकारी प्रमुख र सदस्यको पदमा नियुक्त वा मनोनीत हुन देहाय बमोजिमको उमेर पूरा भएको हुनु पर्नेछ :

(क) पदाधिकारीको हकमा पैंतीस वर्ष,

(ख) कार्यकारी प्रमुखको हकमा तीस वर्ष,

(ग) सदस्यका हकमा तीस वर्ष ।

५. <u>नियुक्तिको लागि अयोग्यता</u> : देहायको व्यक्ति पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषधिको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्का पट्टा संझौता गरी काम गरिरहेको,

(च) मानसिक सन्तुलन ठीक नभएको ।

६. **पदावधि**: सम्बन्धित कानूनमा अन्यथा लेखिएकोमा बाहेक यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

७. **पद रिक्त हुने अवस्था**: सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएकोमा बाहेक पदाधिकारी तथा सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछ :-

(क) निजले उक्त पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) दफा ५ बमोजिम अयोग्य भएमा,

(घ) कार्य क्षमताका अभाव, खराब आचरण वा इमान्दारीपूर्वक पदीय जिम्मेवारी अनुरुप काम नगरेको आधारमा अख्तियारवालाले हटाएमा,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन ।

(ङ) निजको मृत्यु भएमा ।

८. **नियुक्ति वा मनोनयनको प्रकृया निर्धारण गर्ने** : (१) सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयन सम्बन्धी प्रकृया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायको कार्यकारी प्रमुखको पदमा नियुक्ति वा मनोनयन गर्दा मन्त्रालयले कार्यविधि बनाई खुल्ला प्रतिस्पर्धाको आधारमा नियुक्ति वा मनोनयन गर्नेछ ।

९. **कार्य सम्पादन करार गर्नुपर्ने**: (१) कार्यकारी प्रमुखले निज नियुक्ति भएको मितिले तीस दिनभित्र मन्त्रालयसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछः-

(क) कार्यकारी प्रमुखले पूरा गर्नुपर्ने कामको विवरण,

(ख) निजले पेश गरेको व्यावसायिक विवरण, सम्बन्धित सार्वजनिक निकायको सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यतालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्यांकनको संयन्त्र,

(ङ) निजले प्राप्त गर्ने पारिश्रमिक र सुविधा,

(च) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्य सम्पादन भए नभएको विषयमा मन्त्रालयले प्रत्येक वर्ष मूल्याङ्कन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कन गर्दा कार्यसम्पादनको स्तर पचास प्रतिशतभन्दा कम हुने कार्यकारी प्रमुखलाई अखितयारवालाले उक्त पदबाट हटाउने आधार बनाउन सक्नेछ ।

१०. **मापदण्ड लागू नहुने**: यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयबाट सार्वजनिक निकायमा प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्य वा अन्य निकाय वा संस्थाबाट प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्यको हकमा यो मापदण्ड लागू हुने छैन ।

११. **पारिश्रमिक तथा सुविधा नपाउने** : सार्वजनिक निकायमा नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यले सम्बन्धित कानूनमा उल्लेख भए बाहेकको कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन ।

१२. <u>दोहोरो सुविधा लिन नहुने</u>: यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पूर्णकालीन पदाधिकारी वा सदस्यले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको भए निवृत्तिभरण वा तलब मध्ये कुनै एक मात्र लिन पाउने छ।

१३. <u>बाझिएमा गर्ने</u>: यस मापदण्डमा उल्लेख भएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ।

१४. <u>बचाउ</u>: यस मापदण्ड लागू हुनुपूर्व नियुक्ति वा मनोनयन भई सार्वजनिक निकायको पदमा वहाल रहेका पदाधिकारीहरु यसै मापदण्ड बमोजिम नियुक्ति वा मनोनयन भएको मानिनेछ

अनुसूची

(दफा २ को खण्ड (क) सँग सम्बन्धित)

<u>सार्वजनिक निकाय</u>

१. द टिम्वर कर्पोरेसन अफ नेपाल लिमिटेड ।

२. जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड ।

३. राष्ट्रिय प्रकृति संरक्षण कोष ।

४. जिल्ला वन पैदावार आपुर्ति समिति ।